जिल्ला समन्वय समितिको कार्यालय कालीकोटको

# बार्षिक अनुगमन प्रतिवेदन

(आर्थिक वर्ष : २०८०।०८१)

## जिल्ला समन्वय समिति

कालीकोट

२०८१

# परिचय

भौगोलिक तथा वातावरणीय रुपमा विषम र विविधतायुक्त कालीकोट जिल्ला नेपालको संविधान २०७२ अनुसार कर्णाली प्रदेश अन्तर्गत पर्ने एक विकट एवं दुर्गम जिल्लाको रुपमा परिचित छ । वि.स. २०१८ साल अघि अहिलेको कालिकोट जिल्ला राणाकालिन वैधानिक कानुन २००४ अनुसार ३२ जिल्ला अन्तर्गतको जुम्ला जिल्लामा पर्दथ्यो । वि.सं. २०१८ सालमा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरिएपछि कर्णाली अञ्चलका ५ जिल्ला मध्ये तिब्रीकोटको रूपमा यस जिल्लाको नाम रहन गयो । यस जिल्लालाई कालीकोट भनी २०३२/८/२६ गते नामाकरण गरीएको हो । यस अघि यस जिल्लालाई तिब्रीकोट भनिन्थ्यो । त्यसैले यस जिल्लालाई "नेपालको कान्छो" जिल्ला भनिन्छ ।

वि.सं. २०४० मा जिल्ला सदरमुकाम मान्मबाट माथी लेकको चुचुरो खांडाचक्रमा सारियो । भुरे टाकुरे मल्ल वंशका अन्तिम राजा मलैब्रम्हको दरवार सामरिक हिसावले महत्त्वपूर्ण यही खांडाचक्रमा थियो भन्ने गरिन्छ जहाँ पुरानो दरवारको भत्केको जगको भग्नावशेष हाल पनि देख्न सकिन्छ । यस जिल्लाको कूल क्षेत्रफल १७४१ वर्ग कि.मी अर्थात १,७८,०३० हेक्टर रहेको छ। यो जिल्ला २९°५' उत्तर देखि २९°२८' उत्तर आक्षांस र ८१°२८' पूर्व देखि ८२°०२' पूर्व देशान्तरमा पर्दछ।

नेपालको संविधान, २०७२ पछि देश संघियताको अवधारणामा गईसकेपछी कालीकोट जिल्लामा ३ वटा नगरपालिका र ६ वटा गाउँपालिका गरी जम्मा ९ वटा स्थानिय तहहरु रहेका छन् । यस जिल्लाको पूर्वमा जुम्ला, पश्चिममा अछाम, उत्तरमा बाजुरा र मुगु तथा दक्षिणमा दैलेख र जाजरकोट जिल्ला पर्दछन् । जिल्लाको नामाकरण सन्दर्भमा विभिन्न भनाई भएतापनि कालीकोट जिल्लाको सुग्राहा गाविसको कालीका गाँउमा अवस्थित रहेको कालीदेवीको मन्दिर (माड्) बाट नै यस जिल्लाको नाम कालीकोट रहन गएको हो भन्ने जनधारणा रहेको पाइन्छ ।

राजनैतिक तथा प्रशासनिक रुपमा यस जिल्लालाई एक संघीय निर्वाचन क्षेत्र र दूई प्रादेशकि निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । जसमध्य प्रदेश निर्वाचन क्षेत्र क अन्तर्गत खाँडाचक्र नगरपालिका, तिलागुफा नगरपालिका, महावै गाउँपालिका, शुभकालिका गाउँपालिका र नरहरीनाथ गाउँपालिका तथा निर्वाचन क्षेत्र नं ख मा रास्कोट नगरपालिका, सान्नी त्रिवेणी गाउँपालिका, पचालझरना गाउँपालिका र पलाता गाउँपालिका रहेको छ ।

नेपालको संविधान २०७२ मा रहेको व्यवस्था बमोजिम तीन तहको संघीय प्रणालीको अभ्यासको क्रममा जिल्ला समन्वय समितिले हाल जनप्रतिनिधिको पहिलो कार्यकाल २०७४-२०७९ पूरा गरी दोस्रो जनप्रतिनिधिको कार्यकाल अन्तर्गत नयाँ पदाधिकारी निर्वाचित भईसकेको अवस्था छ। संविधानमा रहेका व्यवस्था बमोजिम जिल्ला समन्वय समितिले जिल्लाका विभिन्न संघिय कार्यालय, प्रदेश अन्तर्गतका कार्यालय र स्थानिय निकाय तथा संघ संस्था आदिले आर्थिक वर्ष भरी सञ्चालन गरेका कार्यक्रम तथा योजनाहरुको अनुगमन, सुपरीवेक्षण, मूल्याँकन तथा सोको प्रतिवेदन तयार गरी अपेक्षाकृत उपलब्धी हाँसिल गर्न नियमनकारी भूमिका खेल्दै आएको छ ।

जिल्ला समन्वय समिति कालीकोटले संविधानको मर्म तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेका काम कर्तव्य र अधिकारको परिधि भित्र रही जिम्मेवारी पूर्ण तथा प्रभावकारी रुपमा समन्वयकारी भूमिका खेल्दै आएको छ ।

अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन प्रकृया समग्र रुपमा राष्ट्रिय योजना आयोगद्वारा निर्धारित लक्ष्य, सूचककहरु स्थानिय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेका मापदण्ड एवं जिल्ला सभाले स्विकृत जिल्ला अनुगमन तथा सुपरिवेक्षण निर्देशिकामा उल्लेख भएका व्यवस्था बमोजिम सञ्चालन गरियो । सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली २०६४ मा उल्लेख गरिएका खरिद सम्बन्धी व्यवस्थालाई समेत मध्यनजर गर्दै अनुगमनले व्यवस्था गरेका आधारका रुपमा प्रयोग गरियो ।


## अनुगमन, सुपरिवेक्षण तथा मुल्यांकन प्रतिवेदनका मुख्य चरण तथा विधि

- अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन समिति तथा उपसमितिको गठन,
- जिल्ला स्थित संघका कार्यालय, प्रदेश अन्तर्गतका कार्यालयहरु तथा स्थानिय निकायहरुबाट सञ्चालित कार्यक्रम तथा योजनाको पहिचान र वर्गिकरण
- विभिन्न साधन स्रोतको व्यवस्थापन
- स्थलगत भ्रमण, फोटो संकलन, छलफल
- विश्लेषण
- प्रतिवेदन

महरुको सम्बन्धमा जिल्लाको नौ वटा स्थानिय तहहरुमा जिल्ला समन्वय समितिका पदाधिकारीहरु निर्वाचित क्षेत्रलाई कार्यक्षेत्र तोकिएको र सोहि बमोजिम २०८० साल भाद्र महिना देखि २०८१ असार मसान्त सम्म समय समयमा नियमित अनुगमन गरिएको र साथै जिल्ला समन्वय समितिका प्रमुख धनजित बहादुर शाही र उपप्रमुख श्री मिना रावत विश्वकर्माज्यूको नेतृत्वमा पदाधिकारीहरु, कर्मचारी र पत्रकारज्यूको उपस्थितिमा अनुगमन गरिएको ।

जिल्ला : कालीकोट
पालिका संख्या : ३ नगरपालिका/ ६ गाउँपालिका

वडा संख्या : ८२ वटा
क्षेत्रफल : १७४१ वर्ग कि.मि.



उद्देश्य

अनुगमन तथा मूल्यांकन प्रकृयाले समग्र रुपमा कार्यक्रम तथा योजनाहरुले स्थापित गरेका मापदण्ड, लक्ष्य बमोजिम कार्यक्रम तथा योजनाको प्रभावकारी कार्यान्वयनका लागी समस्या पहिचान एवं सो को यथोचित समाधान तथा सुधारका महत्वपूर्ण योगदान पुर्याउँछ ।

अनुगमन तथा मूल्यांकनबाट अपेक्षा गरिएका उद्देश्यहरुलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

- कार्यक्रम तथा योजना कार्यान्वयन प्रकृयामा रहेका समस्या पहिचान गर्ने,
- योजना तथा कार्यक्रमको समग्र प्रतिफल प्राप्तीमा योगदान दिने,
- कार्यक्रम तथा योजनाको दिगो विकासको लक्ष्य हासिल गर्ने,
- वातावरण मैत्री कार्यक्रम तथा योजना संचालनका लागी प्रेरित गर्ने,
- समुदायमा कार्यक्रम तथा योजना प्रतिको विश्वासनियता, जवाफदेहिता पारदर्शिताको विकास गर्ने,
- दिगो विकासमा टेवा पुर्याउने,
- स्थापित मापदण्डे, मूल्य मान्यता तथा लक्ष्य कार्यक्रम योजना कार्यान्वयनमा प्रभावकारीता ल्याउने,
- गुणस्तरिय योजना निर्माण गरी दिगो सुनिश्चितता तुल्याउने,
- वातावरणलाई संरक्षण गर्ने खालका आवश्यकताका आधारमा योजना छनौट हुने वातावरण सिर्जना गर्ने ।

जिल्ला समन्वय समितिको कार्यालय कालिकोट कर्णाली प्रदेश, नेपाल

१. पलाता गाउँपालिका

वडा संख्या : ९ वडा


क्षेत्रफल :३१८.८४ वर्ग. कि.मि.




पलाता गाउँपालिकामा अनुगमन गरिएका योजना तथा सो को विवरण


| योजनाको विवरण | कार्यक्रम झल्काउने फोटाहरु |
|---|---|
| १.योजनाको नाम : सरस्वती मा.वि. आवासिय विद्यालय भवन निर्माण योजना पलाता ०९.<br>• कुल लागत : ५० लाख (क्रमागत)<br>• कार्यान्वयन गर्ने कार्यालय : सामाजिक विकास कार्यालय<br>• अनुगमनको क्रममा विद्यालयको पहिलो तला ढलानको काम भएको पाईयो |  |
| २.योजनाको नाम : सरस्वती मा.वि. थिर्पू तटबन्धन<br>• बजेट: १० लाख<br>• कार्यान्वयन गर्ने निकाय : गाउपालिका<br>• अनुगमन गर्दा ५७ वटा जाली हालिएको र उक्त योजनाको भुक्तानी लिन बाँकी रहेको पाईयो |  |

जिल्ला समन्वय समितिको कार्यालय कालिकोट कर्णाली प्रदेश, नेपाल

| | |
|---|---|
| ३.योजनाको नाम : नुहारी **खिर्पी सडक** स्तोरन्नती<br>• बजेट: ३६ लाख<br>• कार्यान्वयन गर्ने नि**काय : गा**उँपालिका<br>• ५० वटा ग्याबिन **हालेको,** उपभोक्ता समितिबाट काम गरिएको, करि**ब** ८०० मिटर लम्बाई रहेको र अनुगमनको समय**मा** काम भई भुक्तानी लिन बाँकी रहेको पाईयो । |  |
| ४.योजनाको नाम : नुहारे झ्या**म**सडी **खा**.पा. मर्मत<br>• बजेट: ९६ लाख (**सुस्वा** ९०% र १०%)<br>• कार्यान्वयन गर्ने नि**का**य : गाउँपालिका र सुस्वा परियोजना |  |
| ५. योजनाको नाम : पलाता **गाउँपा**लिका प्रशासकीय भवन फिल्ड निर्माण र जाली<br>• बजेट : १० लाख<br>• कार्यान्वियन गर्ने नि**काय :** पालिका<br>• अनुगमनको क्रममा **५७ वटा** ग्याबिन जाली हालेको र फिल्ड निर्माणको **काम** गरेको पाईयो। |  |
| ६. योजनाको नाम : पालिका **केन्द्र** भवन निर्मा०<br>• बजेट : १ करोड<br>• कार्यान्वयन गर्ने **निका**य : प्रदेश र पालिका(समपुरक)<br>• अनुगमनको क्रम**मा पहिलो** तलाको लागि काम हुदै गरेको पाईयो । |  |

२.पचालझरना गाउँपालिका

क्षेत्रफल : **१६६.९२** वर्ग कि.मि. वडा संख्या :९ वडा





| योजनाको विवरण | कार्यक्रम झल्किने फोटाहरु |
|---|---|
| १.योजनाको नाम : खिप्ला मन्दिरको तटबन्धन<br>• बजेट : १० लाख<br>• कार्यान्वयन गर्ने निकाय : गाउँपालिका<br>• उपभोक्ता समितिबाट काम भएको उक्त योजनाको भुक्तानी हुन बाँकी रहेको र काम निर्माणाधिन अवस्थामा रहेको |  |
| २.योजनाको नाम : सभागृह निर्माण<br>• बजेट : १ करोड<br>• कार्यान्वय गर्ने निकाय : डिभिजन वन कार्यालय<br>• अनुगमन गर्दा छत हाल्ने काम बाँकी नै रहेको पाईयो, निर्माणाधिन अवस्थामा रहेको पाईयो । |  |
| ३.वडा कार्यालय अनुगमन : पचालझरना गाउँपालिका अन्तर्गत वडा नं ३ मा वडा कार्यालयको भौतिक पूर्वाधारको अवस्था, कार्यालयबाट प्रदान गरिने सेवाको अवस्थाका सम्बन्धमा छलफल तथा आगामि दिनमा प्रभावकारी बनाउन सुझाव पेश गरेको |  |

३.रास्कोट नगरपालिका


क्षेत्रफल : ५९.७३ वर्ग कि.मि.

वडा संख्या : ९ वडा




१.योजनाको नाम : हल्दी प्रशोधन भवन (फिल्ड सहित)

- बजेट : २० लाख
- कार्यान्वयन गर्ने निकाय : नगरपालिका(प्रदेश विशेष अनुदान)
- अनुगमनको क्रममा निर्माणाधिन अवस्थामा **रहेको,** भवनको पेटी बनाउन बाँकी रहे**को र** उक्त भवनको फिल्ड सहित भुक्तानी लिन बाँकी रहेको ।




२.योजनाको नाम : लालू लैकु सडक निर्माण

- बजेट : २६ करोड़
- कार्यान्वयन गर्ने निकाय : पूर्वाधार विकास कार्यालय
- अनुगमनको समयमा निर्माणाधिन अवस्थामा रहेको



३.योजनाको नाम : वडा कार्यालय भवन- वडा नं ४

- बजेट : १ करोड
- कार्यान्वयन गर्ने निकाय : पालिका र प्रदेशबाट
- अनुगमन गर्ने क्रममा पहिलो तलाको काम निर्माणाधिन अवस्थामा रहेको र ४ कोठा १हल सहितको वडा कार्यालय



४.योजनाको नाम : बसन्तपुर देखि बाउन सम्म आर सि.सि. सडक

- बजेट : १५ लाख
- कार्यान्वयन गर्ने निकाय गाउँपालिका (मूख्यमन्त्री रोजगार कार्यक्रम)
- अनुगमनको क्रममा काम भईसकेको पाईयो



५.योजनाको नाम : माटो भाडा उद्योग भवन निर्माण

- बजेट:२० लाख भवन (१० लाख मेसिन खरिद)
- कार्यान्वयन गर्ने निकाय : नगरपालिका
- प्रदेश विशेष अनुदानबाट सञ्चालित उद्योगको ढलान छाप्ने काम बाँकी रहेको, निर्माणाधिन अवस्थामा रहेको समयमै सक्न सुझाव पेश गरेको



६. योजनाको नाम : कालीज फार्म (दलित लक्षित कार्यक्रम)

- बजेट : १० लाख
- कार्यान्वयन गर्ने निकाय : नगरपालिका
- अनुगमनगको क्रममा चल्ला खरिद गर्न र जाली हाल्न बाँकी रहेको पाईयो ।




| | |
|---|---|
| ७.योजनाको नाम : चुडिमल देखि सिपखाना सम्म आर.सि.सि. सडक (वडा नं २)<br>• बजेट : १५ लाख (मुख्यमन्त्री रोजगार कार्यक्रम)<br>• कार्यान्वयन गर्ने निकाय : नगरपालिका (मुख्यमन्त्री रोजगार कार्यक्रम)<br>• अनुगमनको क्रममा सडक निर्माणाधिन अवस्थामा रहेको पाइयो । |  |
| ८. योजनाको नाम : रामपुर देखि लहरेला सम्म आर.सि.सि. सडक वडा नं १<br>• बजेट : १५ लाख (मुख्यमन्त्री रोजगार कार्यक्रम)<br>• कार्यान्वयन गर्ने निकाय : नगरपालिका<br>• अनुगमनको क्रममा काम सम्पन्न भएको र काम एकदमै राम्रो भएको पाईयो । |  |
| ९. योजनाको नाम : वडा कार्यालय भवन निर्माण १ र ३ नं वडा कार्यालय<br>• बजेट : पालिकाबाट ५० % व्यहोर्ने<br>• अनुगमनको क्रममा निर्माणाधिन अवस्थामा रहेको पाईयो । |  |

## ४. सान्नी त्रिवेणी गाउँपालिका

क्षेत्रफल : १३६.७१ वर्ग कि.मि.

वडा संख्या : ९ वडा




१. योजनाको नाम : श्री ज्ञानज्योती आ.वि. वडा नं ८

- बजेट : ५० लाख
- कार्यान्वयन गर्ने निकाय : सामाजिक विकास कार्यालय
- ४ कोठा सहितको भवनको कार्य अन्तिम चरणमा रहेको पाईयो । साथै उक्त विद्यालयमा शौचालयको समेत आवश्यक रहेकोले मागका लागि आवश्यक समन्वय गरिदिनु भनि विद्यालयबाट माग राखेको



२. योजनाको नाम : जनता आवास कार्यक्रम

- कार्यान्वय गर्ने निकाय : पूर्वाधार विकास कार्यालय
- रवि लुहार
- आ.व.२०७९/८० को भुक्तानी पाउन बाँकी रहेको उक्त आवास निर्माण हुन अन्तिम चरणमा रहेको



३.योजनाको नाम : खोइबा देखि खोलखाडा सम्म बाटो सान्नी ९

- बजेट : १० लाख
- कार्यान्वयन गर्ने निकाय : गाउँपालिका




| | |
|---|---|
| ४. योजनाको नाम : गोदी सिंचाई कुलो — सान्नी ८<br>• बजेट : १५ लाख<br>• कार्यान्वयन गर्ने निकाय : खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय<br>• २०० मिटर लम्बाई रहेको उक्त सिंचाई कुलोको अनुगमनको क्रममा भुक्तानी भईसकेको पाइयो । |  |
| ५.माथीगाउँ देखि डाङ्के सम्म सडक सानी ८<br>• बजेट : १० लाख<br>• कार्यान्वयन गर्ने निकाय : गाउँपालिका (प्रधानमन्त्री रोजगार कार्यक्रम) । | ६.योजनाको नाम :डाँफे मा.वि. देखि खाडा सम्म सडक — सान्नी ९<br>• बजेट : २० लाख<br>७. योजनाको नाम : क्युरी गाउँ देखि थापागाडा सम्म सडक — सान्नी ७<br>• बजेट : १० लाख |

जिल्ला समन्वय समितिको कार्यालय
कालिकोट
कर्णाली प्रदेश, नेपाल

५. <u>नरहरीनाथ गाउँपालिका</u>

क्षेत्रफल : १४३.८६ वर्ग कि.मि.

वडा संख्या : ९ वडा




| | |
|---|---|
| १. योजनाको नाम :गाउँपालिकाको प्रशासकीय भवन निर्माण<br>• कार्यान्वयन गर्ने निकाय : गाउँपालिका<br>• अनुगमनमा पुग्दा निर्माणाधिन अवस्थामा रहेको पाइयो, भित्रको फिनिसिङ्गको काम गर्न बाँकी रहेको पाईयो । |  |
| २. योजनाको नाम : लालीघाट देखि गा.पा. सम्म सडक स्तोरन्नती<br>• बजेट : २१ लाख<br>• अनुगमनको क्रममा उक्त सडक स्तरोन्नतीको काम भईरहेको पाईयो । |  |
| ३.योजनाको नाम : पालिका भवन देखि रहगाड जोड्ने सडक<br>• पालिकाले आफ्नै पहलमा सडक निर्माणको कार्य गरेको<br>• पालिकाको आफ्नै तेल र पालिकाको मेसिन प्रयोग गरि निर्माण गरिएको |  |

४.योजनाको नाम : डिकेझारी सडक निर्माण

- बजेट : ४० लाख
- कार्यान्वयन गर्ने : **पूर्वाधार** विकास कार्यालय
- अनुगमनको क्रममा उक्त सडक निर्माण कार्य जारी रहेको पाइयो ।




जिल्ला समन्वय समितिको कार्यालय
कालिकोट
कर्णाली प्रदेश, नेपाल

६. तिलागुफा नगरपालिका

वडा संख्या : ११ वडा

क्षेत्रफल: २६२.५६ वर्ग कि.मि.




## तिलागुफा नगरपालिकामा अनुगमन गरिएका योजना तथा सो को विवरण



| | |
|---|---|
| १. योजनाको नाम : कालिका मा.वि. शौचालय निर्माण<br>• बजेट: ५ लाख ४० हजार<br>• कार्यान्वयन गर्ने निकाय : पालिका र नेपाल रेडक्रस सोसाईटी शाखा ।<br>• अनुगमनमा क्रममा काम सम्पन्न भएको देखियो । |  |
| २.योजनाको नाम : ढुकिरा देखि मणिखेत सिंचाई कुलो<br>• बजेट : १० लाख<br>• कार्यान्वयन गर्ने निकाय : खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय<br>• अनुगमन गर्ने क्रममा उक्त योजनाको भुक्तानी भईसकेको पाईयो । |  |
| ३. सत्यदेवी मा.वि. जुविथा विद्यालय अनुगमन<br>उक्त विद्यालयको भौतिक पूर्वाधारको अवस्था, शैक्षिक अवस्था एवम् विद्यालयको मागका सम्वन्धमा हेरफेर अवलोकन |  |

## ७. खाँडाचक्र नगरपालिका

क्षेत्रफल : १३३.२९ वर्ग कि.मि. वडा संख्या : ११ वडा





| | |
|---|---|
| १.योजनाको नाम : फलाता पुजामालिका जाने पदमार्ग<br>• बजेट : २० लाख<br>• कार्यान्वयन गर्ने कार्यालय : डिभिजन वन कार्यालय<br>• करिब ३०० मिटर लम्बाई भएको उक्त पदमार्ग उपभोक्ता समितिबाट निर्माण गरिएको साथै योजनाको भूक्तानी बाँकी रहेको पाईयो । |  |
| २.योजनाको नाम : पिली युद्ध संग्रहालय (क्रमागत)<br>• बजेट : ५ करोड ५९ लाख (५ वर्षे)<br>• कार्यान्वयन गर्ने कार्यालय : डिभिजन वन कार्यालय<br>• अनुगमनको क्रममा निर्माणाधिन अवस्थामा रहेको |  |
| ३.योजनाको नाम : लिङ्गासैनी घेरबार तथा फिल्ड निर्माण<br>• बजेट : २० लाख<br>• कार्यान्वयन गर्ने निकाय : नगरपालिका<br>• अनुगमनको क्रममा उक्त योजनाको रकम भुक्तानी नभएको पाईयो । |  |

| | |
|---|---|
| ४.योजनाको नाम : जिवन, विशाल शहिद स्मृति वडा कार्यालय भवन<br>• बजेट : ३० लाख<br>• कार्यान्वय गर्ने निकाय : नगरपालिका<br>• अनुगमनको क्रममा ढलान कार्य सकिएको र झ्याल ढोका लगायतका कामहरु हुन बाँकी रहेको |  |
| ५.योजनाको नाम : जनता आवास कार्यक्रम<br>• बालकृष्ण परियार<br>• अनुगमनको क्रममा काम भर्खर सुरुवाती चरणमा रहेको पाईयो । |  |
| ६. योजनाको नाम : भुरा संरक्षणका लागि पोखरी निर्माण<br>• बजेट : २ लाख (अनुदान)<br>• पशु अस्पताल तथा पशु सेवा कार्यालय<br>• सामाग्रि वितरण गर्ने उक्त कार्यक्रमको रकम भुक्तानि गर्न बाँकी रहेको |  |

८. महावै गाउँपालिका

क्षेत्रफल : ३२२.०७ वर्ग कि.मि. वडा संख्या : ७ वडा




| | |
|---|---|
| १.योजनाको नाम : तिला नमुना मा.वि. ४ कोठे भवन<br>• बजेट : ५० लाख<br>• कार्यान्वयन गर्ने निकाय : सामाजिक विकास कार्यालय<br>• अनुगमनको क्रममा निर्माणाधिन अवस्थामा रहेको पाईयो । |  |
| २. योजनाको नाम : घट्टेखोला पिपला रुख तटबन्धन<br>• बजेट : ४० लाख<br>• कार्यान्वियन गर्ने निकाय : खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय<br>• अनुगमनको क्रममा तटबन्धन भुक्तानि लए |  |
| ३. योजनाको नाम : घट्टेखोला नमुना पूल<br>• बजेट : १४ लाख<br>• कार्यान्वयन गर्ने निकाय : पालिकाबाट<br>• अनुगमनको क्रममा पूलको भुक्तानी लिइसकेको साथै उक्त पूलको डिजाईन थप आकर्षक रहेको पाइयो । |  |


४. योजनाको नाम : संगिन आ.वि.को भवन निर्माण

- योजनाको नाम : ५५ लाख
- कार्यान्वयन गर्ने निकाय : पालिकाबाट (प्रदेश विशेष अनुदान)
- अनुगमनको क्रममा झ्याल, ढोका राख्न बाँकी रहेको र काम समयमै सक्न सुझाव पेश गरेको



९. शुभकालिका गाउँपालिका

क्षेत्रफल :९७.३२ वर्ग कि.मि. वडा संख्या : ८ वडा




कालीकोट जिल्लाका पालिकाहरुमा सञ्चालित योजना तथा कार्यक्रमहरुको विभिन्न मितिमा अनुगमन गरिएको र धेरै संख्यामा अनुगमन गर्दा कतिपय योजनाहरुको फोटा एवम् विवरण नभएको साथै सबै योजनाहरुलाई अनुगमन प्रतिवेदनमा समेट्दा ठूलो र भद्दा प्रतिवेदन हुने भएकोले केहि योजनाहरुको फोटा सहितको विवरणमात्र हालि प्रतिवेदन तयार गरिएको हो ।

- जिल्ला स्थित संघ, प्रदेश र स्थानीय तहहरुबाट सञ्चालित योजनाहरु तथा कार्यक्रमहरुको अनुगमन गर्ने क्रममा स्थानीय तहहरुको संस्थागत क्षमताको अवस्थाका सम्बन्धमा प्रत्येक स्थानीय तहहरुको वडा कार्यालयहरु समेत अनुगमन गरिएको, जनता आवास कार्यक्रमहरुको अवस्था एवं अन्य योजनाहरुको वास्तविकता के, कुन अवस्थामा अवस्थामा छ सो सम्बन्धमा समेत जिल्ला समन्वय समितिले अनुगमन पश्चात पालिकाका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष र प्रमुख प्रशासकियय अधिकृतहरु सँग योजनाका सम्बन्धमा छलफल गरि सुधारका सुझाव समेत पेश गरिएको
- विभिन्न मितिमा जिल्ला समन्वय समितिबाट अनुगमन गर्ने क्रममा स्थानीय तहका जनप्रतिनिधि एवमं कर्मचारीहरुबाट सहयोग भई अनुगमन कार्यलाई प्रभावकारी बनाउन सहयोग गर्ने सम्पूर्णमा धन्यवाद ।

## अनुगमनका क्रममा देखिएका अवस्थाहरु

- आयोजना स्थलमा सबै योजनाहरुको सूचना पाटी नराखेको, कुनै कुनै योजनाको मात्र सूचना पाटी रहेको पाईयो,
- योजनाको कार्यान्वयन गर्दा प्रारम्भिक वातावरणीय परिक्षण(IEE) गरेको पाईएन,
- आन्तरिक स्रोतको परिचालन, राजश्व संकलनमा क्रमिक रुपमा सुधार गरेको पाईयो,
- योजनाहरुको सम्पन्न भईसकेपश्चात त्यसलाई मर्मत गर्नका लागी मर्मत सम्भार कोष राखेर मर्मत गरेको पाईएन,
- योजनाहरु असार मसान्तमा नै सक्ने प्रवृत्ति धेरै देखिएको,
- धेरैजसो योजनाहरु उपभोक्ता समितिबाट काम गराएको पाईयो, उपभोक्ता समिति सम्बन्धी कार्यविधि बनाएको पाईएन,

## समस्या तथा कारण

देशको अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन प्रणाली प्रभावकारी नभएकै कारण समग्र देशको विकास प्रणालीमा समुदायको भरोसा तथा विश्वसनियता कायम हुन नसकेको आधुनिक विकासको अवधारणा बमोजिम देश अघी बढ्न नसकेको, जवाफदेहिता, पारदर्शिता, जिम्मेवारी बोधको विकास हुन नसकेको, स्रोत साधनको सही रुपमा प्रयोग हुन नसकेको तथा समग्र योजना तथा कार्यक्रमको प्रभावकारी तर्जुमा, बजेटिङ्ग कार्यान्वयन तथा सञ्चालन हुन नसकेको यथार्थ हामी माझ लुकेको छैन ।

नेपालमा गौरवका योजना तथा विभिन्न विकासका योजनाहरुको थालनी सँगै अनुगमन , सुपरिवेक्षण तथा मूल्यांकन प्रणालीको विकास शुरु भएपनि यसको कार्यान्वयन केवल औपचारिकतामा मात्र सिमित रहेको वर्तमान वास्तविकताले हालको योजना तर्जुमा प्रकृया कार्यान्वयन सञ्चालन दिगोपना पारदर्शिता जवाफदेहिता रहेको समस्या उजागर गरेको छ र हामीले यस विषयलाई सोचनिय विषयमा राखुपर्ने अवस्था रहेको छ ।

## समस्याहरु

- योजना तर्जुमा बमोजिम कार्यक्रम छनौट हुन नसक्नु तथा बजेटिङ्ग नहुनु र कार्यक्रम छनौटका आधारलाई पूर्ण रुपमा परिपालना नगरी मनोमानी ढंगबाट योजना तथा कार्यक्रम छनौट हुनु ।
- आवश्यक्तामा आधारित योजना तर्जुमा प्रणालीको विकास नहुनु,
- जनशक्तिको पर्याप्तता नहुनु भएका जनशक्तिहरुलाई उचित तालिमको व्यवस्था नहुनु,
- प्राविधिक मापदण्ड, नम्सको सहि प्रयोग नहुनु,
- असारमा मात्रै काम सकाउनु पर्ने प्रवृति कायम रहनु,
- समयमै योजना छनौट, वजेटिङ्ग तथा अख्तियारी प्राप्त नहुनु, सामाजिक उतरदायित्व, कानूनी व्यवस्था तथा नैतिकताको अभाव हुनु
- योजनाहरुको छनौट सम्वन्धमा वास्तविक भौगोलिक वस्तुस्थिति अवस्था बुझेर छनौट हुनुपर्नेमा त्यस्तो नहुदाँ योजनाहरुको दोहोरोपना देखिनु,
- भौतिक संरचनाहरुको अभाव, कर्मचारीहरुको अभाव रहनु
- योजनाहरु प्राय उपभोक्ता समितिबाट मात्रै सञ्चालन भएको साथै उपभोक्ता समितिलाई योजनाहरुको सम्बन्धमा अभिमुखिकरण नहुनु,
- विकास निर्माणका कार्यहरु हामी र हाम्रा लागी हुन भन्ने मानसिकतामा कमी देखिनु,
- प्रदेश कार्यालयवाट स्थानिय तहमा सञ्चालन हुने विकास आयोजनाहरुको सन्दर्भमा पालिकासँग आवश्यक समन्वय नहुनु,

## निष्कर्ष तथा सुझावहरु

### निष्कर्ष

अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन प्रणालीले देशको समग्र योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा सञ्चालनमा प्रभावकारीताको प्रत्याभुति गराई यसको सापेक्षतता, उपयुक्तता, किफायितीता, उत्पादकत्व तथा दिगो विकासको लक्ष्य प्राप्तिमा सहयोग पुर्याउँछ । नियमित तथा व्यवस्थित अनुगमन मूल्यांकन प्रणालीको विकास नै विद्यमान योजना तर्जुमा कार्यान्वयन सञ्चालनमा रहेका जटिलताका निदान भएकोले यसलाई केवल औपचारितामा मात्र सिमित नराखी प्रभावकारी औजारको रुपमा प्रयोग गर्नु नै आजको अपरिहार्य आवश्यकता हो ।

कालीकोट जिल्ला अन्तर्गत संघीय कार्यालय, प्रदेश अन्तर्गतका कार्यालय, स्थानिय तह, संघ संस्था आदिले सञ्चालन गरेका आर्थिक वर्ष २०८०/०८१ का कार्यक्रम तथा योजनाहरुको अनुगमन गर्दा समग्र योजना तर्जुमा प्रकृया पारदर्शिता जिम्मेवारी बोधका अभाव जनशक्तिको अभाव र अनुगमन तथा मूल्यांकन प्रणालीको महत्व महसुश नहुनाले समग्र योजना तथा कार्यक्रममा अविश्वास पैदा गरेको देखिन्छ । कतिपय संघ संस्था

तथा कार्यालयले अनुगमन मूल्यांकनमा गरेको प्रयास सन्तोषजनक रहेपनि समग्र अनुगमन मूल्यांकन प्रणालीको सुधारले मात्र जिल्लाको सबै क्षेत्रको विकास सम्भव हुने भएकोले यसका लागी सार्वजनिक, निजि साझेदारीको अवधारणामा विकास र अनुगमन प्रणालीको विकास हुन जरुरी छ ।
यस सन्दर्भमा नेपालको संविधान,२०७२ तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ ले जिल्ला समन्वय समितिहरुलाई समन्वयकारी भूमिका तथा योजना तथा कार्यक्रमको अनुगमन मूल्याकनको जिम्मेवारी दिएतापनि वर्तमान कार्यप्रणालीमा रहेको अस्पष्टता, बजेट अभाव, जनशक्तिको अभाव रहेकोले अधिकार र जिम्मेवारीमा द्विविधा उत्पन्न भएको देखिन्छ ।

## सुझावहरु

- योजना तर्जुमा बमोजिम कार्यक्रम छनौट तथा बजेटिङ्ग गर्नुपर्ने ।
- समयमै योजना छनौट, बजेटिङ्ग, समयमै योजना सम्झौता गरी समयमै योजनाको काम सक्ने व्यवस्था मिलाउन आवश्यक कदम चाल्नु पर्ने
- आवश्यकतामा आधारित योजना तर्जुमा प्रणालीको विकास गरिनुपर्ने ।
- काम नगर्ने उपभोक्ता समितिलाई परिवर्तन गर्नुपर्ने, उपभोक्ता समितिका पदाधिकारीहरुको अन्य योजनामा दोहोरा हुन नदिन आवश्यक पहल गर्नु पर्ने तथा ठेक्काबाट सञ्चालन हुने योजनाको सम्बन्धमा काम ढिलाई गर्ने फर्मलाई कालो सूचीमा समावेश गर्नका लागी आवश्यक पहल गर्नुपर्ने ।
- असारे विकासलाई रोक्न समयमै सम्पूर्ण प्रकिया पुर्याउनु पर्ने साथै सरोकारवाला निकायहरुको अनुगमन तथा मूल्याकंनबाट आएको प्रतिवेदन बमोजिम मात्र भुक्तानि दिनु पर्ने ।
- भौगोलिक वस्तुस्थिति वुझेर आवश्यकताको पहिचान गरि योजनाको छनौट गर्नुपर्ने र सोही बमोजिम योजनाहरु एकद्वार प्रणालीबाट विकास गर्नुपर्ने ।
- जनशक्तिको पूर्तिका लागी सम्बन्धित निकायमा पहल गर्नुपर्ने ।
- शक्ति, पहुँच र आर्थिक प्रलोभनमा आधारित योजना तथा कार्यक्रमा छनौट कार्यमा रोक लगाई कानून सम्मत र आवश्यकतालाई मध्यनजर गरी कार्यक्रम छनौट गर्नुपर्ने ।
- आयोजना स्थानमा योजनाहरुको सूचना पाटि टाँस गर्नुपर्ने ।
- योजनाहरुको काम उपभोक्ता समितिबाट गराउँदा मेसिनहरुको प्रयोगको सट्टामा स्थानिय जनशक्तिको प्रयोग गरि रोजगारीको अवस्था सिर्जना गर्नु पर्ने ।

सन्दर्भ सामग्री

नेपालको संविधान, २०७२
स्थानिय सरकार सञ्चालन ऐन, २०७४
राष्ट्रिय योजना आयोग
विकिपिडिया
गुगल